**बैठक नं. ३०८(४)५**

**मिति २०८१।११।२८**

**<u>निर्णय</u>**

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवस सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यताका लागि अनुरोध गर्ने । भव्य रुपमा राष्ट्रपति कार्यालय, शितल निवासमा स्थापना दिवस मनाउने र सो अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, नेपाल सरकारका सचिव, सूचनाको हकको अभियान्ताहरु, सूचना अधिकारीहरु र आयोगका कर्मचारीहरु लगायतको उपस्थिति रहने । विशेष समारोहमा आयोगले प्रकाशन गरेको सूचनाको अधिकार (A Journal of RTI) सम्माननीय राष्ट्रपतिज्यूलाई हस्तान्तरण गरी सार्वजनिक गर्ने ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही २३ जुन २०२५ देखि २५ जुन २०२५ सम्म जर्मनीको राजधानी बर्लिनमा हुने १६ औं सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो । उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १७, २०२५ अर्थात् २०८२ बैशाख ४ गतेभित्र जानकारी गराउनु पर्ने भएको छ । सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि यस आयोगका प्रमुख सूचना आयुक्त श्री सुरेश प्रसाद आचार्य, सूचना आयुक्त श्री दुर्गा भण्डारी पौडेल, सचिव श्री दीर्घ राज मैनालीको नाम मनोनयन स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**<u>विविध</u>**

(क) राष्ट्रिय सूचना आयोगबाट सूचनाको हक कार्यान्वयनको अवस्था अध्ययन र विश्लेषण गर्ने ( आरटिआई अडिट) कार्य गर्दै आइरहेको छ। चालू आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय, कार्यालय, स्थानीय तह लगायतका कार्यालयको आरटिआई अडिट गरी प्रतिवेदन पेश गर्न आरटिआई अडिट सम्बन्धी अवधारणा पत्र तयार गरी सोही अवधारणा मार्फत् अडिट गर्ने र आगामी आर्थिक वर्षदेखि आरटिआई अडिट सम्बन्धी निर्देशिका तयार गरी सो आधारमा अडिट कार्य अगाडि बढाउने निर्णय भयो ।

(ख) आयोगको १८ औं स्थापना दिवसको तयारीका सम्बन्धमा जिम्मेवारी दिइएका समितिको कामको समीक्षा गरी आ-आफ्नो जिम्मेवारीलाई थप तीब्रता दिने निर्णय गरियो ।